# गुणस्तरीय औषधि उत्पादकलाई सघाउन सरकार तयार

● नेपाल समाचारपत्र
काठमाडौं

आउँदो २०६४ बैशाखसम्म नेपाली औषधि कम्पनीले गुणस्तरको प्रत्याभूति दिन नसके सरकारले त्यस्ता कम्पनीमाथि कारबाही गर्ने भएको छ।

'अब विश्व स्वास्थ्य संगठनको गुणस्तरीय उत्पादन मापदण्ड (जीएमपी) नलिने कम्पनी बन्द हुन्छन्, हामी २०६४ बैशाख १ गतेबाट नेपालमा कमसल खालका औषधि पाईंदैनन् भनेर घोषणा गर्छौं' -नेपालका प्रमुख औषधि उत्पादक देउराली जनता फर्मास्युटिकलको पन्ध्रौं वार्षिकोत्सवमा बोल्दै प्रमुख औषधि व्यवस्थापक डा. भूपेन्द्रबहादुर थापाले आइतबार भन्नुभयो।

नेपालका स्तरीय औषधि उत्पादकलाई प्रोत्साहित गर्ने क्रममा सरकार रहेको बताउँदै उहाँले विगत ४ वर्षयता कमसल खालका नयाँ औषधि लिएर कुनै पनि विदेशी उत्पादक नछिरेको ठोकुवा गर्नुभयो। 'औषधिको क्षेत्रमा रुग्ण भन्ने कुरा हुँदैन, आलटाल गरेर गुणस्तरीय औषधि बनाउनेहरु अब बिस्तारै बन्दै हुन्छन्' -उहाँले भन्नुभयो। स्तरीय औषधि तयार नगरे सरकारी स्वामित्वको शाही औषधि लिमिटेडलाई पनि नछोड्ने दृढता प्रकट गर्दै उहाँले भन्नुभयो- 'सरकारले औषधि उद्योग चलाउने/नचलाउने अब चाँडै प्रस्ट हुनुपर्छ, चलाउने हो भने गम्भीर हुनुपर्छ।'

## जेटको सपना

देशको विकास गर्न अब सानातिना कुरा छोडेर ठूलो सपना देख्नुपर्छ देउराली जनताजस्ता ५ हजार ५ सय कम्पनी भए हाम्रा अर्थमन्त्री विदेश जाँदा आफ्नै जेट चढ्न पाउँछन्। योजना आयोगका उपाध्यक्ष कार्यक्रममा आउँदा आफ्नै हेलिकोप्टरमा आउन सक्नुहुन्छ, त्यसैले अब यो दिशामा सोचौं।

– हरिभक्त शर्मा, कार्यकारी निर्देशक, डिजेपीएल

■

डीजेपीएलजस्ता साढे ५ हजार कम्पनी भए मलाई हेलिकोप्टर नभए पनि हुन्थ्यो। घरमै कम्प्युटरमा बसेर म गुणस्तर र बजार अनुगमन गर्न सक्छु।

–डा भूपेन्द्र थापा, प्रमुख औषधि व्यवस्थापक

■

डीजेपीएल, सोनी, इरिक्सन, साइमन्सजस्तै विशाल भए हामीलाई निजी हेलिकोप्टर चढ्न हामीलाई साढे चार हजार कम्पनी नै चाहिँदैन।

– डा. शंकर शर्मा, उपाध्यक्ष राष्ट्रिय योजना आयोग

कार्यक्रममा बोल्दै देउराली जनता फर्मास्युटिकलका कार्यकारी निर्देशक हरिभक्त शर्माले देउराली जनताजस्ता ५ हजार ५ सय कम्पनीहरु नेपालमा स्थापना गर्न सके देशले कायापलट गर्न सक्ने बताउनुभयो। 'दुई ठूला अर्थतन्त्रको बीचमा रहेको नेपालले अवसरको सदुपयोग गर्नुपर्ने उहाँले बताउनुभयो।

सरकारले सहुलियत र जिम्मेवारी दिएको खण्डमा देशको कुनै एक जिल्लामा प्राथमिक स्वास्थ्य सेवा पुर्‍याउन लगानी गर्ने घोषणा शर्माले गर्नुभयो। 'सिंगापुर, ताइवानजस्ता मुलुकमा औषधि उत्पादकलाई दिइएको सहुलियतको एक चौथाइ हामीलाई दिनुहोस्, हामी यो देशमा केही गरेर देखाउँछौं' -उहाँले भन्नुभयो।

कार्यक्रम उद्घाटन गर्दै राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. शंकर शर्माले लगानीको उपयुक्त वातावरण सिर्जना गर्न योजना आयोग प्रयासरत रहेको जानकारी दिनुभयो। कार्यक्रममा कम्पनीका राष्ट्रिय बिक्री प्रबन्धक मुकेन्द्र सिंह, पूर्वराज्यमन्त्री डा. वंशीधर मिश्र र समाजसेवी चन्द्रविनोद चालिसेले देउराली जनताले स्तरीय औषधि उत्पादन गरी नेपालकै प्रतिष्ठा बढाएको बताउनुभयो। कार्यक्रममा कम्पनीमा उत्कृष्ट र लामो समय काम गर्ने कर्मचारीहरुलाई प्रशंसापत्र प्रदान गरिएको थियो।

पन्ध्र वर्षअघि खुलेको देउराली जनता गुणस्तरको अन्तर्राष्ट्रिय प्रत्याभूति प्रदान गर्ने आईएसओ १४००१ र आईएसओ ९००१ पाउने पहिलो नेपाली कम्पनी हो। कम्पनीले विश्व स्वास्थ्य संगठनको जीएमपी सर्टिफिकेट पनि प्राप्त गरेको छ।

कार्यक्रममा बिक्री प्रबन्धक सिंहले बजारमा कमसल कम्पनीले बोनसको प्रतिस्पर्धा गरिरहेको र त्यसले स्तरीय औषधिका लागि बजार कहालीलाग्दो हुँदै गएको बताउनुभएको थियो।